# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको
### सूचना १

वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री जितेन्द्रलाल मास्के घर बिदामा बस्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री बोधनाथ अधिकारीलाई मिति २०४२।१।३ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

श्रम तथा सामाजिक कल्याण मन्त्रालयका सचिव श्री माधवलाल तवदार घर बिदामा बस्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री जगन्नाथ जोशीलाई मिति २०४२।१।१६ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना ३

अर्थ मन्त्रालयका सचिव श्री कर्णध्वज अधिकारी एशियाली बिकास बैङ्कको अठारौं वार्षिक बैठकमा भाग लिन बैङ्कतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री हितसिंह श्रेष्ठलाई मिति २०४२।१।१६ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९२०